# विद्यार्थीको नियमिततामा शैक्षिक व्यवस्थापनको प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह(एम.एड.) द्वितीय वर्षको (EPM Ed. 598) आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

## शोधपत्र


**शोधकर्ता**

विष्णुबहादुर थापा

त्रि.वि. दर्ता नं. : ३६२४४/९०

परीक्षा रोल नं. : २१४००११ /०६४

क्याम्पस रोल नं. : १५०/०६२/०६३

**सुकुना बहुमुखी क्याम्पस**

**शैक्षिक योजना तथा व्यवस्थापन विभाग**

**इन्द्रपुर, मोरङ**


**२०६७**

शोधनिर्देशकको सिफारिस ।

"विद्यार्थीको नियमिततामा शैक्षिक व्यवस्थापनको प्रभाव"को अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र श्री विष्णुबहादुर थापाले मेरो निर्देशनमा तयार गर्नु भएको हो । स्थलगत सर्वेक्षण गरी मेहनतपूर्वक स्वतन्त्ररूपमा अध्ययन गरिएको यो शोधपत्रलाई त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभागद्वारा मूल्याङ्कन  गर्नका लागि सिफारिस गर्दछु ।

सहायक प्रा.खगेन्द्रप्रसाद लुइटेल

शोधनिर्देशक

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ

मितिः २०६७/०५/२८

## स्वीकृति पत्र

शैक्षिक योजना तथा व्यवस्थापन विषयमा एम.एड. तहको उपाधिका निमित्त निर्धारित आंशिक आवश्यकताको परिपूर्तिको निमित्त श्री विष्णुबहादुर थापाले प्रस्तुत गर्नु भएको "विद्यार्थीको नियमिततामा शैक्षिक व्यवस्थापनको प्रभाव"को अध्ययन शीर्षकको शोधपत्र मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन समिति

| क.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख | ...................... |
| २ | श्री खगेन्द्रप्रसाद लुइटेल | शोध निर्देशक | .................... |
| ३ | श्री भोजराज घिमिरे | सदस्य, शोध समिति | ..................... |
| ४ | श्री हेमराज ढकाल | बाह्यपरीक्षक | ..................... |

# प्राक्कथन

त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तह शैक्षिक योजना तथा व्यवस्थापन विषय अन्तर्गत दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नको लागि यो शोधपत्र तयार पारिएको हो । "विद्यार्थीको नियमिततामा शैक्षिक व्यवस्थापनको प्रभाव" शीर्षक भित्र रहेर यो शोधकार्य गरिएको छ । पाँच खण्डमा विभाजित यस शोधकार्यमा पहिलो खण्डमा परिचय राखिएको छ भने दोस्रो खण्डमा पूर्व साहित्यको अध्ययन राखिएको छ । त्यसैगरी तेस्रो खण्डमा अध्ययन विधि, चौथो खण्डमा तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण र पाँचौ तथा अन्तिम खण्डमा निष्कर्ष सुझावहरु राखिएको छ ।

प्रस्तुत अध्ययन प्रतिवेदन तयार पार्ने क्रममा प्रस्तावना कार्यदेखि शोधकार्य सम्म पूरा गर्नको लागि महत्वपूर्ण निर्देशन, सल्लाह, सुझाव, हौसला एवं मार्गनिर्देशन गर्नुहुने मेरो आदरणीय गुरु तथा शोध निर्देशक श्री खगेन्द्रप्रसाद लुइटेल प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । सल्लाह र सुझाव दिई अनुसन्धान कार्यमा सहयोग गर्नुहुने श्रद्धेय गुरु विभागीय प्रमुख श्री लक्ष्मीप्रसाद श्रेष्ठ साथै आदरणीय गुरु भोजराज घिमिरे प्रति आभारी छु । त्यसैगरी अध्ययन कार्यमा जाँदा सहयोग गर्नु हुने आदरणीय प्र.अ.ज्यूहरु, विद्यार्थी भाइबहिनीहरु, व्यवस्थापन समितिका अध्यक्षहरु, अभिभावकहरु तथा शिक्षक मित्रहरु प्रति आभार प्रकट गर्दछु । आफ्नो अमूल्य समय, श्रम, धन खर्च गरेर उच्च शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्नुहुने मेरा बुबा, आमाप्रति सदैव ऋणी छु । साथै निरन्तर सल्लाह, सुझाव र भाषिक शुद्धता हेर्नुहुने मित्र श्री चन्द्रमणी बुढाथोकी साथै अध्ययन कार्यमा वारम्वार हौसलाप्रदान गर्ने श्रीमति खेलकुमारी कार्की (थापा) तथा श्री सरस्वती उ.मा.वि. का प्राचार्य श्री रुद्रबहादुर विश्वकर्मालाई हार्दिक धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस प्रतिवेदनलाई टङ्कन कार्यमा सहयोग पुऱ्याउँनुहुने श्री यज्ञमणी निरौला तथा टिनाफोटो स्टूडियो, इन्द्रपूर-२, खोर्साने, मोरङलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

मितिः २०६७।५।३१ **विष्णुबहादुर थापा**

# शोधसार

सवैलाई गुणात्मक शिक्षा दिने प्रतिवद्धताअनुसार सरकारले विद्यालय शिक्षामा निकै ठूलो लगानी गरेको छ तापनि अपेक्षित उपलब्धी हासिल हुन सकेको छैन । विद्यार्थीहरुलाई नियमित उपस्थित गराउने र नतिजा उत्साहजनक बनाउने लक्ष्य राखेपनि नतिजा भने त्यति निराशापूर्ण नभएता पनि नियमितता भने पाइन्न । यसमा विद्यार्थीहरुको उपलब्धी र उपस्थितिलाई निरन्तर र नियमित वनाउन नसक्नुमा विभिन्न तत्वहरुले प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभाव पारेका पाइन्छ । यसै सन्दर्भमा "विद्यार्थीको नियमिततामा शैक्षिक व्यवस्थापनको प्रभाव" शीर्षकमा यो अध्ययन गरिएको छ । यस अध्ययनबाट शिक्षा क्षेत्रमा कार्य गर्ने जो कोहीलाई पनि केही हदसम्म भएपनि सहयोग पुग्ने आशा गरिएको छ । शिक्षक तथा सम्बद्ध व्यक्तिहरूलाई दिइने पेशागत सीप अभिवृद्धिका तालिम, आर्थिक तथा भौतिक सहयोगहरू पनि उपयुक्त देखिएका छैनन् । एउटा विद्यालय र शिक्षकले गरेको राम्रा अभ्यासहरूलाई अर्को विद्यालयसम्म पुऱ्याउने काम त्यति हुने गरेको भएको पाइँदैन । विद्यालय र सरोकारवालाहरूको सम्बन्ध विकासमा होस् या विद्यालय र माथिल्लो निकायबीचको सम्बन्ध होस् दुवै शैक्षिक व्यवस्थापनभन्दा पनि प्रशासनिक नै रहेको पाइन्छ ।

यस अध्ययनका तीनवटा उद्देश्यहरूमा पहिलो शैक्षिक व्यवस्थापनको वर्तमान स्थितिको पहिचान गर्ने, दोस्रो विद्यार्थी नियमिततामा शैक्षिक व्यवस्थापनका तत्वहरूले खेलेका भूमिकाको लेखाजोखा गर्ने, तेस्रो शैक्षिक व्यवस्थापनमा देखिएका समस्याहरू पत्ता लगाई निराकरणका उपयुक्त उपायहरू प्रस्तुत गर्ने, प्रमुख उद्देश्य लिई यो अध्ययन गरिएको हो । उल्लेखित उद्देश्यहरू पूरा गर्नका लागि, के सबै विद्यालयहरूमा शैक्षिक व्यवस्थापन उपयुक्त किसिमका छन् ? विद्यार्थी नियमिततामा शैक्षिक व्यवस्थापनले के के भूमिका खेलेको छ ? शैक्षिक व्यवस्थापनले विद्यार्थीहरूको नियमिततामा वृद्धि गर्ने कस्ता तत्वहरू छन् ? शैक्षिक व्यवस्थापनमा के के समस्याहरू रहेको पाइन्छ ? जस्ता अनुसन्धानात्मक प्रश्नहरू राखी अध्ययन गरिएको थियो । अध्ययनको सैद्धान्तिक खाकाको रुपमा स्किनर, मास्लो र हर्जवर्गका सिद्धान्तहरूलाई आधार बनाइएको छ । साथै पूर्व साहित्यको समीक्षा गर्ने क्रममा विभिन्न सम्बन्धित लेख रचना तथा अध्ययन प्रतिवेदनको समीक्षा गरिएको छ । अध्ययन क्रममा धनकुटा जिल्लाको चानुवा स्रोतकेन्द्रका दसवटा प्रा. वि. र तीनवटा मा. विद्यालयका एकजना स्रोतव्यक्ति, १३ जना प्रधानाध्यापक, ६ जना वि. व्य. स. अध्यक्ष, २५ जना शिक्षक र २६ जना विद्यार्थीहरूलाई जनसंख्याको रुपमा लिई यो अध्ययन कार्य गरिएको छ । यस

अनुसन्धान कार्यका लागि प्रश्नावली, अवलोकन तथा छलफल जस्ता सूचना संकलनका साधन एवं विधिहरूको प्रयोग गरिएको छ । यसरी प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरण र चार्टको माध्यमद्वारा विश्लेषण र प्रस्तुीतकरण गरिएको छ । परिमाणात्मक तथा गुणात्मक दुवै ढंगबाट विश्लेषण गरिएको छ ।

विद्यालय शिक्षालाई व्यवस्थित गर्न सबैभन्दा महत्वपूर्ण भूमिका प्रधानाध्यापकका भएको पाइयो । विद्यालयमा शैक्षिक व्यवस्थापनका भौतिक पूर्वाधारहरू नभएको पाइयो । विद्यालयमा कमजोर कक्षा कोठा व्यवस्थापन, शैक्षिक सामग्रीको अभाव, छात्रवृत्ति, अतिरिक्त कक्षा सञ्चालन, तालिमप्राप्त शिक्षकको अभावजस्ता तत्वहरूले विद्यार्थीहरूको नियमिततामा बढी प्रभाव पारेको पाइयो । विद्यालयमा शिक्षक विद्यार्थी आचारसंहिता नभएको र प्र. अ. बाट कक्षा अवलोकन गरी पृष्ठपोषण कमै मात्र दिएको पाइयो । शैक्षिक व्यवस्थापनका कुरा गर्न पूर्वाधारहरू पूरा गर्न सम्बन्धित सरकारी निकायहरू : गैरसरकारी निकाय, सघ-संस्था, स्थानीय निकाय, स्रोतसाधन र समुदायसँग राम्रो समन्वय गरी शिक्षक तालिम, भौतिक व्यवस्थापन, अभिभावक सचेतना कार्यक्रम, विद्यार्थीहरू सेवा, सुविधा, दण्ड र पुरस्कारको उचित प्रयोग, अतिरिक्त कक्षा व्यवस्थापन र वैज्ञानिक औजार आदि सबै विद्यालयहरूमा चाल्नु पर्ने देखिन्छ । यस्ता समस्या समाधान गर्न सरकारले प्र. अ. शिक्षकलाई तालिम, विद्यार्थीलाई विद्यालयप्रति सकारात्मक सोचको विकास, निरीक्षणलाई प्रभावकारी बनाई उपयुक्त भौतिक साधन स्रोत जुटाउन विशेष पहल गर्नुपर्ने यस अध्ययनबाट देखिएको छ ।

# विषय सूची


| | पेज नं. |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृती पत्र | ii |
| प्राक्कथन | iii |
| शोधसार | iv |
| विषय सूची | vi |
| तालिका सूची | ix |
| चित्रसूची | x |
| सम्क्षिप्त शब्दहरूको पूरा रूप | xi |


## परिच्छेद : एक

## परिचय


| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२. समस्याको कथन | ५ |
| १.३ अध्ययनको औचित्य | ७ |
| १.४ अध्ययनको उद्देश्य | ८ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | ८ |
| १.६ अध्ययनको परिसीमा | ९ |
| १.७ शब्दावलीको परिभाषा | ९ |


## परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका


| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १० |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | १४ |
| २.३ शैक्षिक उपादेयता | १८ |


## परिच्छेद : तीन

## अध्ययन विधि

३.१ अनुसन्धानात्मक ढाँचा २०
३.२ तथ्याङ्क संकलन प्रक्रिया २०
३.२.१ नमूना जनसंख्या २०
३.२.२ नमूनाको आकार २०
३.२.३ नमूनाको छनौट प्रक्रिया २१
३.२.४ नमूना छनौटको आधारहरू २१
३.३ अनुसन्धानका साधनहरू २१
३.४ तथ्याङ्कको स्रोत २१
३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया २१

## परिच्छेद : चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या

४.१ शैक्षिक व्यवस्थापनको वर्तमान स्थितिको पहिचान २३
४.१.१ शैक्षिक व्यवस्थापनमा जिम्मेवारीको स्थिति २३
४.१.२ शैक्षिक व्यवस्थापनमा प्र.अ.को भूमिका २५
४.१.३ शैक्षिक व्यवस्थापनका प्रमुख तत्वहरुको विवरण २६
४.१.४. कक्षाकोठा व्यवस्थापनको वर्तमान स्थिति र विद्यार्थीहरुको नियमितता २८
४.१.५ शैक्षिक व्यवस्थापनको वर्तमान स्थिति र विद्यार्थीहरुको नियमितता २९
४.१.६ शिक्षक तालिम र विद्यार्थी नियमितता दर ३१
४.२ विद्यार्थी नियमिततामा शैक्षिक व्यवस्थापनका तत्वहरूले खेलेको भूमिकाको लेखाजोखा ३३
४.२.१ कक्षाकोठामा विद्यार्थी नियमितता सम्वन्धी विवरण ३५
४.२.२ कक्षाकोठामा कालोपाटीको अवस्था ३६
४.२.३ शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोग ३७
४.२.४ शैक्षिक सामग्रीको प्रयोग र विद्यार्थीको नियमितता ३९
४.२.५ छात्रवृत्तिको व्यवस्थापन र विद्यार्थीहरुको नियमितता ४०
४.२.६ अतिरिक्त कक्षा सञ्चालन र विद्यार्थीहरुको नियमितता ४१
४.३ शैक्षिक व्यवस्थापनमा देखिएका समस्याहरू पत्ता लगाई निराकरणका उपायहरू ४३
४.३.१ प्रधानाध्यापकहरुले दिएका शैक्षिक व्यवस्थापनका समस्याहरु ४३

४.३.२ प्रधानाध्यापकहरुले दिएका निराकरणका उपायहरु ४४
४.३.३ अध्यक्षहरुले दिएका शैक्षिक व्यवस्थापनका समस्याहरु ४५
४.३.४ अध्यक्षहरुद्धारा व्यक्त गरिएका निराकरणका उपायहरु ४६
४.३.५ शिक्षकहरुद्धारा व्यक्त शैक्षिक व्यवस्थापनका समस्याहरु ४७
४.३.६ शिक्षकहरुले व्यक्त गरेका निराकणका उपायहरु ४८

## परिच्छेद : पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरू

५.१ प्राप्तिहरू ५०
५.२. निष्कर्ष ५१
५.३ सुझावहरू ५३
**सन्दर्भग्रन्थ**
**अनुसूचीहरू**

# तालिका सूची


| तालिका नं. | | पेज |
|---|---|---|
| १ | शैक्षिक व्यवस्थापनमा जिम्मेवारीको स्थिति | २४ |
| २ | शैक्षिक व्यवस्थापनमा प्र.अ.को भूमिका | २५ |
| ३ | शैक्षिक व्यवस्थापनका प्रमुख तत्वहरूको विवरण | २७ |
| ४ | कक्षाकोठा व्यवस्थापनको वर्तमान स्थिति र विद्यार्थीको नियमितता | २८ |
| ५ | शैक्षिक व्यवस्थापनको वर्तमान स्थिति र विद्यार्थीको नियमितता | ३० |
| ६ | शिक्षक तालिम र विद्यार्थी नियमितता दर | ३१ |
| ७ | विद्यार्थी नियमितताको अवस्था | ३३ |
| ८ | कक्षाकोठामा विद्यार्थी नियमितता सम्बन्धी तुलना | ३५ |
| ९ | कक्षाकोठामा कालोपाटीको अवस्था | ३६ |
| १० | शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोग | ३८ |
| ११ | शैक्षिक सामग्रीको प्रयोग र विद्यार्थीको नियमितता | ३९ |
| १२ | छात्रवृत्तिको व्यवस्थापन र विद्यार्थीहरूको नियमितता | ४० |
| १३ | अतिरिक्त कक्षा सञ्चालन र विद्यार्थी नियमितता | ४२ |

# चित्रसूची


| चित्र नं. | | पेज |
|---|---|---|
| १ | मास्लोको आवश्यकताको सिद्धान्त | १७ |
| २ | शैक्षिक व्यवस्थापनमा जिम्मेवारीको स्थिति | २४ |
| ३ | शैक्षिक व्यवस्थापनमा प्र.अ.को भूमिका | २६ |
| ४ | शैक्षिक व्यवस्थापनका प्रमुख तत्वहरूको विवरण | २७ |
| ५ | कक्षाकोठा व्यवस्थापनको वर्तमान स्थिति र विद्यार्थी नियमितता | २९ |
| ६ | शिक्षक तालिम र विद्यार्थी नियमितता दर | ३१ |
| ७ | विद्यार्थी नियमितताको अवस्था | ३४ |
| ८ | कक्षाकोठामा कालोपाटीको अवस्था र विद्यार्थी नियमितता | ३७ |
| ९ | शैक्षिक सामग्रीको व्यवस्थापन | ३८ |
| १० | शैक्षिक सामग्रीको प्रयोग र विद्यार्थीको नियमितता | ३९ |
| ११ | छात्रवृत्तिको व्यवस्थापन र विद्यार्थीहरूको नियमितता | ४१ |
| १२ | अतिरिक्त कक्षा सञ्चालन र विद्यार्थी नियमितता | ४२ |

# सम्क्षिप्त शब्दहरूको पूरा रूप

| | | |
|---|---|---|
| प्रा.वि | : | (प्राथमिक विद्यालय) कक्षा १ देखि ५ सम्म |
| नि.मा | : | निम्न माध्यमिक (६–८) पढाइ हुने विद्यालय |
| मा.वि | : | माध्यमिक विद्यालय (९–१०) |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| वि.सं. | : | विक्रम सम्वत् |
| वि.नि. | : | विद्यालय निरीक्षक |
| जि.शि.का. | : | जिल्ला शिक्षा कार्यालय |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| शि.अ.सं. | : | शिक्षक अभिभावक संघ |
| जि.वि.स. | : | जिल्ला विकास समिति |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| शै.स. | : | शैक्षिक सत्र |
| रा.शि.यो.आ. | : | राष्ट्रिय शिक्षा योजना आयोग |
| शै.ज.वि.के. | : | शैक्षिक जनशक्ति विकास केन्द्र |
| BC | : | Before Christ |
| CPEA | : | Co-operative Programme in Education Administration |
| NCPEA | : | National Conference of Professors of Education Administration |
| MOE | : | Ministry of Education |
| SIP | : | School Improvement plan |
| SMC | : | School management committee |
| PTA | : | Parents Teachers' Assocation |
| EPMAN | : | Education Plan and Management Assocation Nepal |